# मुस्लिम आयोगसँग सम्बन्धित सार्वजनिक विवरण

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) को प्रयोजनार्थ

(२०८३ वैशाख १ देखि २०८३ असार मसान्तसम्म)

मुस्लिम आयोग

जावलाखेल, ललितपुर

www.muslimcommission.gov.np

२०८३

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण २०८३ बैसाख देखि २०८३ असार महिनासम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरणहरु अद्यावधिक गरी प्रकाशन गरिएको छ ।

## १. मुस्लिम आयोगको स्वरुप र प्रकृति

नेपालमा सदियौंदेखि मुस्लिम समुदायको बसोबास रहदै आएको पाइन्छ। २०७८ को जनगणना अनुसार नेपालमा करिब ५.०९ प्रतिशत मुस्लिमहरु बसोबास गरेको पाइन्छ। मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणका लागि नेपालको संविधानको भाग २७ को धारा २६४ मा संवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था भएको र मुस्लिम आयोग ऐन, २०७४ अनुसार मुस्लिम आयोग गठन भएकोमा सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७५।१२।०७ मा यस आयोगको अध्यक्ष पदमा श्री समिम मियाँ अन्सारी नियुक्त भई सोही दिन सम्माननीय प्रधानन्यायाधीशज्यूबाट पद तथा गोपनियताको सपथ लिई पदबहाली भएकोमा निज समिम मियाँ अन्सारीको छ बर्षको कार्यकाल मिति २०८१।१२।०७ मा समाप्त भएपश्चात वरिष्ठ सदस्य मा. महमदिन अलीले मिति २०८१।१२।०७ देखि कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हाल्नु भएको छ। यसै गरी आयोगको सदस्यहरु मा. महमदिन अली, र मा. मिर्जा अरशद बेग मिति २०७७।१०।२१ गते र मा. मोहमद समशुल हक मिति २०७८।०३।१० गते नियुक्ति हुनु भएको छ। बाँकी १ जना महिला सदस्यको पद हालसम्म रिक्त रहेको छ।

यस आयोगको मुख्य कार्य मुस्लिम समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणका लागि नेपाल सरकारलाई नीतिगत, कानूनी तथा संस्थागत सुझाव दिने, आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने, मुस्लिम समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणका लागि चेतनामूलक कार्यक्रम संचालन गर्नु रहेको छ।

नेपालको सन्दर्भमा मुस्लिम समुदाय मानव विकास सूचकाङ्कको दृष्टिकोणले निकै पछाडी रहेको छ। यस समुदायको आर्थिक, सामाजिक तथा साँस्कृतिक उत्थान एवम् विकासका लागि सीप विकास तालिम, छात्रवृत्ति, कर्जा र रोजगारमूलक लक्षित कार्यक्रम, शिक्षा स्वास्थ्य तथा सार्वजनिक क्षेत्रको

रोजगारीमा पहुँच, मातृभाषाको संरक्षण र सम्बर्द्धन तथा परम्परा रुढीबादी तथा धार्मिक अन्धविश्वास र लैङ्गिक विभेदको अन्त्यका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्नु अत्यावश्यक रहेको छ। यसै तथ्यलाई दृष्टिगत गरी आयोगले मुस्लिम समुदायको सामाजिक, आर्थिक, शैक्षिक एवम् साँस्कृतिक विकासका लागि रणनैतिक कार्ययोजना बनाई प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

**सोच**

सुखी, समृद्ध र आत्मनिर्भर मुस्लिम समुदाय।

**उद्देश्य**

- मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरण गर्ने,
- मुस्लिम समुदायको आर्थिक, सामाजिक, राजनैतिक क्षेत्रमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,
- मुलुकमा उपलब्ध स्रोत तथा साधनहरुमा मुस्लिम समुदायको पहुँच वृद्धि गर्ने,
- ऐतिहासिक, साँस्कृतिक एवं धार्मिक क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्ने,
- लैङ्गिक विभेद तथा हिंसाको न्यूनीकरण गर्ने।

## २. <u>आयोगको काम कर्तब्य र अधिकार</u>

नेपालको संविधानको भाग २७ को धारा २६४ तथा मुस्लिम आयोग ऐन, २०७४ दफा ७ अनुसार आयोगको काम कर्तब्य र अधिकार निम्नानुसार रहेको छ।

(क) मुस्लिम समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने।

(ख) मुस्लिम समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने।

(ग) मुस्लिम समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने।

(घ) मुस्लिम समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भइरहेका नीतिगत, कानुनी तथा संस्थागत व्यवस्थामा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने।

(ङ) मुस्लिम समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने।

(च) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने।

(छ) मुस्लिम समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने।

(ज) मुस्लिम समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने।

(झ) मुस्लिम समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

(ञ) सबै प्रकारको शोषणको अन्त्य गर्न र मुस्लिम समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने।

(ट) मुस्लिम समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यन्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने।

(ठ) मुस्लिम समुदायको अधिकार उलङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने।

(ड) मुस्लिम समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।

(ढ) मुस्लिम समुदायको भौतिक, अभौतिक संस्कृतिको संरक्षण र सम्बर्द्धनका लागि जिवित सङ्ग्रहालय स्थापना तथा उदगमस्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र सम्बर्द्धनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने।

(ण) मुस्लिम समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने।

(त) मुस्लिम समुदायको पिछडिएको अवस्था र हालको शैक्षिक, राजनैतिक, सामाजिक तथा आर्थिक दुरावस्थाको अध्ययन अनुसन्धान गरी समुदायको विकासका लागि नेपाल सरकारलाई सुझाव दिने।

(थ) आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने।

(द) आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने।

## ३.आयोगमा रहने कर्मचारीको संख्या र कार्यविवरण


मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणका लागि नेपालको संविधानको धारा २६४ मा संवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था भएको र मुस्लिम आयोग ऐन, २०७४ अनुसार मुस्लिम आयोग गठन भई संचालनमा रहेको छ। संविधानमा व्यवस्था भए बमोजिम मुस्लिम आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने, राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने र आयोगका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने व्यवस्था रहेको छ।

नेपालको संविधानको धारा २६४ र मुस्लिम आयोग ऐन, २०७४ अनुसार संवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको गठन भएको र आयोगको संचालनको लागि मिति २०७७/०८/३० गतेको नेपाल सरकार मन्त्रीपरिषद्को निर्णयानुसार नयाँ दरबन्दी स्वीकृती भई कार्यान्वयनमा आएको छ। जसको विस्तृत विवरण तल उल्लेख गरिएको छ।

७/१८/३१

मुस्लिम आयोग
जावलाखेल, ललितपुर
२०७४

## संगठनात्मक ढाँचा




**पुनश्चः**

- अध्यक्ष, सदस्यहरु र सचिवको सचिवालय तथा अन्य शाखामा रहने कर्मचारीहरु प्रशासन शाखाबाट खटाउन सकिने छ।
- आयोगका पदाधिकारी/सदस्यहरु नियुक्त भई पदावधि कायम रहदासम्म आवश्यक पर्ने निजी सहायकहरु (रा.प.अनं.प्रथम श्रेणी सरहको) प्रत्येक पदाधिकारी/सदस्यलाई १(एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिने छ।
- आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि कायम रहदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणीविहीन) प्रत्येक पदाधिकारी/सदस्यलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिने छ।

- आयोगका सदस्यहरु नियुक्ति भई पदावधि कायम रहदासम्म आवश्यक पर्ने कार्यालय सहयोगी (श्रेणीविहीन) दुई(२) जना सदस्यलाई १(एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिने छ ।
- कम्प्युटर अपरेटर पद स्थायी पदपूर्ति नभएमा करार सेवाबाट पदपूर्ति गर्न सकिने छ।
- स्वीपर १ जनाको लागि बजेट व्यवस्था गरी सेवा करारबाट कार्यसंचालन गर्न सकिने छ।

**स्वीकृत दरबन्दी संरचना**

आयोगको स्वीकृत स्थायी दरबन्दी संख्या कुल १३ रहेको छ। आयोगको विद्यमान स्थायी दरबन्दीको विस्तृत विवरण तल रहेको छ ।

| क.सं | पद नाम | श्रेणी/तह | सेवा | समूह | उपसमूह | स्वीकृत द. | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | | | १ | |
| २ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | | १ | |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | | २ | |
| ४ | नायब सुब्बा | रा.प.अन.प्रथम | प्रशासन | सा.प्र. | | २ | |
| ५ | लेखापाल | रा.प.अन.प्रथम | प्रशासन | लेखा | | १ | |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अन.प्रथम | विविध | | | १ | |
| ७ | हलुका सवारी चालक | श्रेणीविहिन | | | | २ | |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहिन | | | | ३ | |
| जम्मा | | | | | | १३ | |

यस आयोगमा स्वीकृत दरबन्दीको सबै पदमा कर्मचारी कार्यरत रहेका छन्।

## ४. आयोगबाट प्रदान गरिने सेवाहरु

- मुस्लिम समुदायको समग्र अवस्थाको अध्ययन, अनुसन्धान,
- नीतिगत, कानूनी र सस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- मुस्लिम समुदायको भाषा, लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान मुस्लिम समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

मुस्लिम आयोग
जावलाखेल, ललितपुर
२०७४

- चेतनामूलक कार्यक्रम, सशक्तिकरण, कुरीति र शोषणको न्यूनीकरण, सीप र प्रविधिको प्रबर्द्धन गर्ने।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा, जिम्मेवार अधिकारी र शाखा प्रमुख

- यस आयोगको स्वीकृत संगठन संरचना अनुसार एउटा शाखा र एउटा इकाई रहेको छ । जिम्मेवार अधिकारी र शाखा/इकाई प्रमुखको नामावली देहायबमोजिम रहेको छ ।

| सि.नं. | शाखा/इकाईको नाम | शाखा/इकाई प्रमुख | जिम्मेवार अधिकारी |
|---|---|---|---|
| १. | प्रशासन, योजना तथा अनुगमन शाखा | उपसचिव शोभा कुमारी पोखरेल | उपसचिव शोभा कुमारी पोखरेल |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

- यस आयोगबाट प्रदान गरिने सेवामा कुनै किसिमको दस्तुर नलाग्ने।
- सूचना माग गर्दा नियमानुसारको दस्तुर लाग्नेछ।

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

- यस आयोगमा दर्ता भएका निवेदन/उजुरी प्राप्त भएपश्चात आवश्यक कारबाहीका लागि सम्बन्धित शाखामा जाने गर्दछ।
- सम्बन्धित शाखाबाट एक हप्ताभित्र निर्णय गर्ने अधिकारी वा पदाधिकारी वा आयोगबाट निर्णय गराइने व्यवस्था रहेको छ।

## ८. निर्णयउपर उजुरी सुन्ने अधिकारी

- आयोगका सचिव

## ९. सूचना अधिकारी र प्रमुखको नाम र पद

यस आयोगको प्रमुख र सूचना अधिकारीको नाम र पद देहायबमोजिम रहेको छः-

| सि.नं | नाम थर | पद |
|---|---|---|
| १. | नमराज घिमिरे | सचिव (प्रमुख) |
| २. | मिन राज आचार्य | शाखा अधिकृत (सूचना अधिकारी) |

## १०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

मुस्लिम आयोग जावलाखेल, ललितपुर २०७४

यस आयोगसँग सम्बन्धित ऐन, नियम, विनियम वा निर्देशिकाको सूची देहायबमोजिम रहेको छ

| सि.नं | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची |
|---|---|
| १. | मुस्लिम आयोग ऐन, २०७४ |
| २. | मुस्लिम आयोग आचारसंहिता, २०७६ |
| ३. | मुस्लिम आयोगको बैठक संचालन कार्यविधि, २०७७ |
| ४. | मुस्लिम आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका, २०७७ |
| ५. | मुस्लिम आयोग नियमावली, २०८२ |

## ११. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण

यससम्बन्धी जानकारी अनुसूची — १ मा उल्लेख गरिएको छ।

## १२. सार्वजनिक निकायको वेभसाइट भए सो को विवरण

Website: www.muslimcommission.gov.np

## १३. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

- वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता नभएको।

## १४. सम्पादन गरेको कामको विवरण

यस आयोगले यस अवधिमा देहाय अनुसार कार्य सम्पदान गरेको छः

क) यस अवधिमा आयोगको १० वटा बैठक सम्पन्न गरिएको ।

## १५. आयोगको मुख्य मुख्य निर्णयहरु

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ४१ मिति २०८३/०१/२९ को पत्रबाट नेपालको संविधानमा गर्नु पर्ने सुधार र संशोधन गर्ने विषयमा सुझाव माग भई आएको सम्बन्धमा मुस्लिम समुदायका विज्ञ/अगुवा र कानूनका जानकारहरुसंग छलफल गरी राय सुझाव संकलन गर्ने।

२. परराष्ट्र मन्त्रालयको च.नं. CAWWAA/MAA/९९८४ मिति २०८३/०१/३१ को पत्रबाट ६-१९ अगष्ट २०२६ सम्म साउदी अरबको मक्कास्थित Holy Mosque मा आयोजना हुने King Abdulaziz International Competition for Memorization, Recitation, Interpretation of Holy Quran को ४६ औं संस्करणका लागि २ जना प्रतियोगी मनोनयन गरी पठाउन लेखी आएको सन्दर्भमा यस अघि सम्पन्न **3rd All Nepal Quran Memorization Competition** प्रतियोगितामा First Branch – Full Quran

Memorization अन्तर्गत पुरुष समूहमा पहिलो र दोश्रो स्थान हासिल गर्न सफल प्रतियोगीलाई मनोनयन गरी पठाउने।

३. मुस्लिम समुदायको धार्मिक पर्व बकर ईद (ईद-उल-अज्हा) वि.सं. २०८३ जेठ १४ गते बिहिबार मनाइने भएकोले उक्त दिन सार्वजनिक विदा घोषणाको व्यवस्था गरिदिन गृह मन्त्रालयलाई सिफरिस गर्ने।

४. जिल्ला पर्सा वीरगंज महानगरपालिका वडा नं. १३ स्थायी ठेगाना भएका सेराजुल हक अंसारीको नाति जीफिर अंसारीको छोरा श्री अब्दुल अजिजले मुस्लिम समुदायको भएको भनी मुस्लिम प्रमाणितका लागि आफ्नो नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, बाबुको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र वीरगंज महानगरपालिकाले दिएको मधेशी/मुस्लिम प्रमाणित पत्रको प्रतिलिपि समावेश गरी मिति २०८३/०२/०४ मा यस आयोगमा निवेदन पेश गरेकोमा निज मुस्लिम समुदायको भएको भनी श्री अब्दुल अजिजले पेश गरेका कागजातका आधारमा सोही बेहोरा प्रमाणित गर्ने।

५. जिल्ला सुनसरी दुहवी नगरपालिका वडा नं. ३ स्थायी ठेगाना भएका मो. रमतुल मन्सुरीको नाति मो. मस्तकीम मंसुरी र असमिना खातुनको छोरी श्री सारा बेगम र छोरा साहिल अहमद मुस्लिम समुदायको भएको भनी मुस्लिम प्रमाणितका लागि निजहरुका बाबु श्री मोहम्मद मस्तकीम मंसुरीले आफ्नो नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि तथा छोरा छोरीको जन्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि समेत समावेश गरी मिति २०८३/०२/०४ गते यस आयोगमा निवेदन पेश गरेकोमा निजहरु मुस्लिम समुदायको भएको भनी श्री मो. मस्तकिम मंसुरीले पेश गरेका कागजातका आधारमा सोही बेहोरा प्रमाणित गर्ने।

६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ४१ मिति २०८३/०१/२९ को पत्रबाट नेपालको संविधानमा गर्नु पर्ने सुधार र संशोधन गर्ने विषयमा सुझाव माग भई आएको सम्बन्धमा मुस्लिम समुदायका विज्ञ/अगुवा र कानूनका जानकारहरुसंग छलफल गरी प्राप्त राय सुझाव समेत संलग्न गरी तयार पारिएको संलग्न वमोजिमको आयोगको संस्थागत धारणा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

७. जिल्ला रौतहट गरुडा नगरपालिका वडा नं. १ स्थायी ठेगाना भएका शेख सैनुल्हाको नाति शेख हारुनको छोरा श्री शेख अफरोजले आफु मुस्लिम समुदायको भएको भनी मुस्लिम प्रमाणितका लागि आफ्नो जन्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि, बाबुको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि समावेश गरी मिति २०८३/०२/०६ मा यस आयोगमा निवेदन पेश गरेकोमा निज मुस्लिम समुदायको भएको भनी श्री शेख अफरोजले पेश गरेका कागजातका आधारमा सोही बेहोरा प्रमाणित गर्ने।



मुस्लिम आयोग जावलाखेल, ललितपुर

८. जिल्ला सिरहा कल्याणपुर नगरपालिका वडा नं. ६ स्थायी ठेगाना भएका सुलेमान मियाँको नातिनी मतिबुल राईनको छोरी श्री साईरा खातुनलाई मुस्लिम समुदायको भएको भनी मुस्लिम प्रमाणितका लागि आफ्नो दाजु मो. महबुब आलमले आफ्नी बहिनीको जन्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि, बाबुको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र आफ्नो नागरिकताको प्रमाण पत्रको प्रतिलिपि समावेश गरी मिति २०८३/०२/१२ मा यस आयोगमा निवेदन पेश गरेकोमा साइरा खातुन मुस्लिम समुदायको भएको बेहोरा मो. महबुब आलमले पेश गरेका कागजातका आधारमा प्रमाणित गर्ने।

९. साउदी अरेबियन राजदूतावासको सहयोग र मुस्लिम आयोगको आयोजनामा बिगत देखिनै Quran Memorization Competition कार्यक्रम सञ्चालन हुदै आएकोमा चालु आ.व ०८२/८३ मा तेस्रो All Nepal Quran Memorization प्रतियोगिता सम्पन्न भइसकेकोले चौथो All Nepal Quran Memorization प्रतियोगिता सञ्चालनका लागि आवश्यक समन्वय एवं सहजिकरण गरिदिन परराष्ट्र मन्त्रालयमा पत्राचार गर्ने।

१०. मिति २०८२/०९/१६ गतेको निर्णयानुसार मुस्लिम समुदायको धार्मिक तथा सांस्कृतिक स्थलहरुको उचित व्यवस्थापन गर्नका लागि अध्ययन तथा छलफल गरी प्रतिवेदन पेश गर्न माननीय सदस्य मोहम्मद शमसुल हकको संयोजकत्वमा गठित कार्यदलले पेश गरेको प्रतिवेदन स्वीकृत गर्ने।

**<u>सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको संचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि</u>**

-हालसम्म नतोकिएको

**१६. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय**

- यस अवधिमा सूचना माग नभएको ।

**१७.सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण**

-अन्यत्र सूचना प्रकाशन हुने नगरेको ।

**१८.तोकएबमोजिमका अन्य विवरण**

क्रमशः प्रकाशन हुनेछ।

मुस्लिम आयोग जावलाखेल, ललितपुर २०७४

मुस्लिम आयोग
जावलाखेल, ललितपुर

## अनुसूची - १

## आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

| क्र.सं. | बजेट उप शिर्षक | बजेट शिर्षक | वार्षिक बजेट विनियोजन (हजारमा) | यस आ.व. को तेस्रो त्रैमासिक सम्मको खर्च (%) | यस आ.व. को चौथो त्रैमासिक सम्मको खर्च (%) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्रशासनिक खर्च (२३४०००११३) | चालु | ३४३६५.४९५ | ३५.८९ | ७०.८४ | |
| २. | प्रशासनिक खर्च(२३४०००११४) | पूँजिगत | २००० | १६.९० | २८.५४ | |
| ३ | प्रशासनिक खर्च(२३४००००१३) | चालु पदाधिकारी | ८८०० | ४३ | ६१.९९ | |

मुस्लिम आयोग
जावलाखेल, ललितपुर
२०७४